# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
कोशी प्रदेश, नेपाल

कोशीको गौरव हिमालको शान
पर्यटन वर्षमा सबैलाई सम्मान!
कोशी प्रदेश
पर्यटन वर्ष २०८१

प.स.
च.न.

मितिः- २०८३/०३/३२
ने.सः- ११४६ दिल्लाथ्व, द्वितिया

**विषयः-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचीकरण तथा नविकरण सम्बन्धी सूचना।**

सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (९) बमोजिम सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले आ.व. २०८३/०८४ मा पनि सामाजिक सुरक्षा भत्ता निरन्तर प्राप्त गर्न सम्वन्धित लाभग्राहिहरुले वडा कार्यालयमा आफु स्वयं उपस्थित भई राष्ट्रिय परिचयपत्रमा आधारीत **Biometric Verification** (जैविक प्रमाणिकरण) मार्फत मिति २०८३ श्रावण १ गते देखि असोज मसान्तभित्र अनिवार्य परिचयपत्र नविकरण गर्न गराउनुहुनको लागि यो सूचना जारी गरिएको छ ।

१ . नवीकरण गर्ने प्रक्रिया र स्थानः

- भत्ता प्राप्त गर्ने सबै आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत यदि **Biometric** गरिसकेको अवस्था भएमा) स्वयम् उपस्थित हुनुपर्नेछ।
- नवीकरण कार्य राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (**Biometric Device - Finger Print/Iris Device**) मार्फत गरिनेछ।

२. आवश्यक कागजातहरूः

- सामाजिक सुरक्षा परिचयपत्र।
- नागरिकताको प्रमाणपत्र (नागरिकता नभएकाको हकमा जन्मदर्ता)।
- राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर (**NID** नम्बर)।

नोटः-

- १६ वर्ष उमेर पूरा नभएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने पूर्ण अशक्त व्यक्तिहरू र ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरूको हकमा लाभग्राही सूचीमा सूचीकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।
- वडा कार्यालयमा हुन सक्ने भिडभाडलाई कम गरी नवीकरण कार्यलाई व्यवस्थित बनाउन सहयोग गरिदिनुहुन समेत अनुरोध छ।

केशव कुमार ढकाल
प्रमुख प्रशासकीय अधिकृत
२०८३/०३/३२

साथै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ६७० मिति २०८३/०३/३१को प्राप्त पत्र यसै सूचनासाथ राखिएको छ ।